# स्थानीय तहमा कृषि स्नातक प्राविधिक परिचालन कार्यविधि, २०८२

१. प्रत्यायोजित विधायन जारी गर्ने मन्त्रालयः कृषि तथा पशुपन्छी विकास मन्त्रालय
२. निर्णय गर्ने अधिकारीः मा. कृषि तथा पशुपन्छी विकास मन्त्री
३. निर्णय मितिः २०८२/०५/०२
४. दर्ता नं. र मितिः , २०८२/ /

स्थानीय तहहरुमा सर्शत वित्तीय हस्तान्तरण भएका र स्थानीय तहको आन्तरिक श्रोतबाट बजेट विनियोजन भई कार्यान्वयन हुने कृषि र पशु विकास सम्बन्धी कार्यक्रमको कार्यान्वयनमा प्राविधिक सहयोग, समन्वय र सहजीकरण गर्नका लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट संघीय सशर्त वित्तीय हस्तान्तरण भएका **"कृषि स्नातक करार" र "एक पालिका एक भेटेरिनरी डाक्टर"** कार्यक्रमलाई प्रभावकारी र व्यवस्थित रुपमा सञ्चालन गर्न आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ६५ को उपदफा (४) ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयले यो कार्यविधि बनाई लागू गरेको छ।

## परिच्छेद -१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो कार्यविधिको नाम "**स्थानीय तहमा कृषि स्नातक प्राविधिक परिचालन कार्यविधि, २०८२**" रहेको छ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिबाट लागू हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "**कृषि स्नातक प्राविधिक**" भन्नाले यस कार्यविधिको दफा ५ बमोजिम योग्यता पुगी छनौट भएका कृषि स्नातक वा पशु चिकित्सक वा दुवैलाई सम्झनु पर्छ।

(ख) "**जिल्ला स्थित कार्यालय**" भन्नाले प्रदेश स्थित कृषि तथा पशुपन्छी क्षेत्र हेर्ने मन्त्रालय अन्तर्गतको जिल्ला स्थित कृषि वा पशुपन्छी वा दुवै क्षेत्र हेर्ने कार्यालयलाई सम्झनु पर्छ।

(ग) "**परिषद्**" भन्नाले नेपाल पशु चिकित्सा परिषद् सम्झनु पर्छ।

(घ) "**प्रदेश मन्त्रालय**" भन्नाले प्रदेश स्थित कृषि तथा पशुपन्छी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(ङ) "**मन्त्रालय**" भन्नाले संघीय सरकारको कृषि तथा पशुपन्छी विकास मन्त्रालय सम्झनु पर्छ।

(च) "**विभाग**" भन्नाले मन्त्रालय अन्तर्गतको "कृषि विभाग" , "पशु सेवा विभाग" वा दुवै सम्झनुपर्छ।

(छ) "**समिति**" भन्नाले दफा ७ बमोजिम गठित मूल्याङ्कन, छनौट तथा सिफारिस समिति सम्झनु पर्छ।

(ज) "स्थानीय तह" भन्नाले यस कार्यविधिको प्रयोजनको लागि नेपालको संविधान बमोजिमका महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाँउपालिकामध्ये "कृषि स्नातक करार" र "एक पालिका एक भेटेरिनरी डाक्टर" कार्यक्रममा सशर्त वित्तीय बजेट व्यवस्थापन भएका स्थानीय तह सम्झनु पर्छ।

३. <u>कार्यक्रमको उद्देश्य:</u> यस कार्यविधि बमोजिम सञ्चालन हुने कार्यक्रमको उद्देश्य देहाय अनुसार रहेको छः-

(क) स्थानीय तहमा संघीय सर्शत वित्तीय हस्तान्तरणमा बजेट विनियोजन भएका र स्थानीय तहको आन्तरिक श्रोतबाट बजेट विनियोजन भई कार्यान्वयन हुने कृषि र पशु विकास सम्बन्धी कार्यक्रमहको कार्यान्वयनमा प्राविधिक सहयोग, समन्वय र सहजीकरण गर्ने,

(ख) मन्त्रालयबाट संघीय सशर्त वित्तीय हस्तान्तरणमा बजेट विनियोजन भएका कार्यक्रमको नियमित रुपमा समन्वय, अनुगमन तथा रिपोर्टिङ्ग गर्ने,

(ग) स्थानीय स्तरमा कृषि सम्बन्धी प्राविधिक सेवा प्रवाह सुदृढीकरणमा सहयोग गर्ने।

## परिच्छेद -२
## कार्यक्रम संचालन प्रक्रिया

४. <u>कृषि स्नातक प्राविधिक सेवा करारमा परिचालन हुने:</u> स्थानीय स्तरमा कृषकहरुलाई कृषि सम्बन्धी प्राविधिक ज्ञान, सीप उपलब्ध गराउन संघीय सर्शत वित्तीय हस्तान्तरणमा बजेट विनियोजन भएका स्थानीय तहमा कृषि तथा पशु चिकित्सा विज्ञानमा स्नातक गरेका एक/एक जना कृषि स्नातक प्राविधिक करारमा परिचालन गरिनेछ।

५. <u>कृषि स्नातक प्राविधिकको न्यूनतम योग्यता:</u> कृषि स्नातक प्राविधिकको न्यूनतम योग्यता देहाय बमोजिम हुनेछः-

(क) नेपाली नागरिक हुनुपर्ने,
(ख) कृषि स्नातकको हकमा मान्यता प्राप्त विश्वविद्यालय वा शैक्षिक संस्थाबाट कृषि विज्ञानमा स्नातक तह उत्तीर्ण वा सो सरहको समकक्षता प्राप्त गरेको,
(ग) पशु चिकित्सकको हकमा मान्यता प्राप्त विश्वविद्यालय वा शैक्षिक संस्थाबाट पशु चिकित्सा विषयमा स्नातक तह उत्तीर्ण वा सो सरहको समकक्षता प्राप्त गरी नेपाल पशु चिकित्सा परिषद्मा दर्ता भएको,
(घ) २१ वर्ष उमेर पूरा गरी पुरुषको हकमा ३५ वर्ष र महिलाको हकमा ४० वर्ष ननाघेको।

६. <u>कृषि स्नातक प्राविधिक छनौट प्रक्रिया:</u> (१) कृषि स्नातक प्राविधिक छनौट तथा परिचालनका लागि सम्बन्धित स्थानीय तहले अनुसूची -१ (कृषि स्नातक) र अनुसूची -२ (पशु चिकित्सक) बमोजिमको कार्यविवरण र सेवा सुविधाको विषय तोकी अनुसूची -३ बमोजिमको ढाँचामा ईच्छुक आवेदकबाट आवेदन माग गरी कम्तीमा १५ (पन्ध्र) दिनको सूचना प्रकाशन गर्नु पर्नेछ।

२

(२) उपदफा (१) बमोजिमको सूचनामा ईच्छुक उम्मेदवारले अनुसुची -४ बमोजिमको ढाँचामा स्थानीय तहमा आवेदन पेश गर्नु पर्नेछ।

(३) आवेदन पेश गरेका उम्मेदवारको मूल्यांकन तथा उपयुक्त उम्मेदवार छनौट कार्यका लागि स्थानीय तहले दफा ७ बमोजिम एक समिति गठन गर्नु पर्नेछ।

७. **मूल्याङ्कन, छनौट तथा सिफारिस समितिः** (१) कृषि स्नातक प्राविधिकको मूल्याकंन, छनौट तथा सिफारिसका लागि स्थानीय तहमा देहाय अनुसारको एक समिति रहनेछः-

| | |
|---|---|
| स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| जिल्ला स्थित कार्यालयका प्रमुख वा अधिकृत प्रतिनिधि | सदस्य |
| स्थानीय तहको कृषि/ पशु सेवा महाशाखा/शाखामा कार्यरत अधिकृत स्तरको शाखा प्रमुख | सदस्य सचिव* |

** स्थानीय तहको कृषि/ पशु सेवा महाशाखा/शाखामा अधिकृत स्तरको शाखा प्रमुख नभएमा प्रमुख प्रशासकिय अधिकृतले अधिकृत स्तरको अन्य कर्मचारीलाई समिति सदस्यको रुपमा तोक्न सक्नेछ।*

(२) उपदफा (१) बमोजिमको समितिले दफा ५ बमोजिमको योग्यता पुगेका उम्मेदवार मध्येबाट दफा ६ बमोजिमको प्रक्रिया पूरा गरी बैकल्पिक उम्मेदवार सहितको मूख्य उम्मेदवार छनौट गर्नु पर्नेछ र छनौट भएको उम्मेदवारसँग सेवा करार गरी नियुक्ति दिन सम्बन्धित स्थानीय तहमा सिफारिस गर्नु पर्नेछ।

(३) छनौट सम्बन्धी अन्य कार्य-प्रक्रिया प्रचलित कानूनको अधिनमा रही समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

८. **नियुक्ति तथा करार सम्झौताः** (१) दफा ७ को उपदफा (२) बमोजिम सिफारिस भएको मुख्य उम्मेदवारलाई स्थानीय तहले आवश्यक निर्णय गरी ७ (सात) दिनको म्याद दिई सेवा करार सम्झौता गर्न आउन सूचना दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र करार सम्झौता गर्न आउने उम्मेदवारसँग सम्बन्धित स्थानीय तहले अनुसूची -१ (कृषि स्नातक) र अनुसूची -२ (पशु चिकित्सक) बमोजिमको कार्यविवरण तोकी अनुसूची -५ बमोजिमको ढाँचामा करार सम्झौता गरी नियुक्ति दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको अवधि भित्र छनौट भएको मुख्य उम्मेदबार करार सम्झौता गर्न सम्पर्कमा नआएमा क्रमशः वैकल्पिक उम्मेदवारलाई सूचना दिई करार सम्झौता गर्न सकिनेछ।

(३) उपदफा (२) वा (३) बमोजिम करार सम्झौता गरेको पद रिक्त भएमा क्रमशः वैकल्पिक उम्मेदवारलाई सम्बन्धित स्थानीय तहले निर्णय गरी करार सम्झौता गरी नियुक्त गर्न सक्नेछ।

तर वैकल्पिक उम्मेदवार नभएमा वा नआएमा दफा ६ अनुसारको प्रक्रिया पूरा गरी उपयुक्त उम्मेदवार छनौट गर्न सकिनेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि कृषि प्राविधिक परिचालन गर्न सेवा करार सम्झौता गरी नियुक्त गर्नका लागि आर्थिक वर्षको कम्तिमा ३ महिना अवधि बाँकी भएको हुनु पर्नेछ।

(५) यस कार्यविधि बमोजिम करारमा नियुक्त हुने कृषि स्नातक प्राविधिकको करार सम्झौता अवधि चालू आर्थिक वर्षको असार मसान्तसम्म मात्र हुनेछ। कार्य सम्पादन सन्तोषजनक रहेमा र बजेटको सुनिश्चितता भएमा सम्बन्धित स्थानीय तहले करार सम्झौतालाई निरन्तरता दिन सक्नेछ।

(६) यस कार्यविधि अनुसार करार सम्झौता गरिएको कृषि स्नातक प्राविधिकको पदमा करार सम्झौता गरी नियुक्त गरिएको नियुक्ति पत्र र अनुसूची - ४ अनुसारको वैयक्तिक र शैक्षिक योग्यता सम्बन्धी विवरण सम्बन्धित विभागमा अनिवार्य रुपमा पठाउनु पर्नेछ।

## परिच्छेद -३

## आर्थिक पक्ष, सेवा सुविधा तथा कार्य विवरण

९. **आर्थिक पक्षः** (१) यस कार्यविधि बमोजिम स्थानीय तह अन्तर्गत कृषि स्नातक प्राविधिक सेवा करारमा लिनका लागि वार्षिक कार्यक्रम तथा बजेट (संघीय सशर्त अनुदान वा स्थानीय तहको आन्तरिक स्रोतबाट) स्वीकृत भएको हुनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको वार्षिक स्वीकृत बजेटको अधिनमा रही सेवा करार गर्नु पर्नेछ। यसरी सेवा करार गर्दा थप आर्थिक दायित्व सृजना गर्न पाईने छैन।

(३) स्थानीय तहले यसै कार्यविधिलाई आधार लिई स्थानीय तहको आन्तरिक स्रोतबाट बजेट व्यवस्थापन हुने गरी कृषि स्नातक प्राविधिक परिचालन गर्न सक्नेछ।

१०. **पारिश्रमिक र सेवा सुविधाः** (१) यस कार्यविधि बमोजिम सेवा करार सम्झौता गरिएको कृषि स्नातक प्राविधिकको मासिक पारिश्रमिक रा.प. तृतीय श्रेणी सरहको शुरु तलब स्केल सरह हुनेछ।

(२) अन्य सेवा सुविधाको हकमा सम्बन्धित स्थानीय तहले आफ्नै स्रोतबाट प्रचलित नियम अनुसार करार सम्झौतामा उल्लेख गरी प्रदान गर्न सक्नेछ।

११. **कृषि स्नातक प्राविधिकको काम, कर्तव्य र जिम्मेवारीः** (१) कृषि स्नातक प्राविधिकको काम, कर्तव्य र जिम्मेवारी अनुसूची - १ (कृषि स्नातक) र अनुसूची - २ (पशु चिकित्सक) मा उल्लेख भए बमोजिम हुनेछ।

(२) मन्त्रालय र विभागबाट सञ्चालन हुने तालिम तथा क्षमता अभिवृद्धि कार्यक्रमहरुमा कृषि स्नातक प्राविधिकलाई सहभागी गराउन सकिनेछ।

१२. **सुपरिवेक्षणमा रहनु पर्नेः** (१) यस कार्यविधि बमोजिम सेवा करार गरी परिचालन गरिएको कृषि स्नातक प्राविधिकले स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतस्तरको कर्मचारीको प्रत्यक्ष सुपरिवेक्षणमा रही कार्य गर्नु पर्नेछ।

(२) यस कार्यविधि बमोजिम खटिएका कृषि स्नातक प्राविधिकले स्वीकृत वार्षिक कार्य योजना अनुसार मासिक कामको प्रगति विवरण अनुसूची -६ को ढाँचामा मासिक रुपमा सुपरिवेक्षक समक्ष पेश गर्नु पर्नेछ।

## परिच्छेद -४
## अनुगमन मूल्याङ्कन र प्रगति प्रतिवेदन

१३. **प्रगति प्रतिवेदन पेश गर्नेः** (१) कृषि स्नातक प्राविधिकले संघीय सशर्त अनुदानमा हस्तान्तरित र स्थानीय तहको कृषि तथा पशुपन्छी तर्फका कार्यक्रमहरुको त्रैमासिक र बार्षिक प्रगति प्रतिवेदन अनुसूची -७ को ढाँचामा सम्बन्धित विभागमा (doanepal.reporting@gmail.com वा dls.localprovincepragati@gmail.com) पठाउनु पर्नेछ।

(२) संघीय सशर्त अनुदानमा हस्तान्तरित कार्यक्रमबाट लाभान्वित कृषकको विवरण सम्बन्धित विभागमा पठाउनु पर्नेछ।

(३) कृषि स्नातक प्राविधिकले अनुसूची - १ (कृषि स्नातक) र अनुसूची - २ (पशु चिकित्सक) मा तोकिएका अन्य विवरणहरु नियमितरुपमा सम्बन्धित विभागमा पठाउनु पर्नेछ।

(४) कृषि स्नातक प्राविधिकको कार्य सम्पादनको सुपरिवेक्षण एवं मुल्याङ्कन र सम्बन्धित विभागमा प्रगति प्रतिवेदन गर्ने गराउने जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुनेछ।

(५) कृषि स्नातक प्राविधिकका लागि संघीय शसर्त अनुदानलाई निरन्तरता दिन र स्थानीय तहमा अन्य कार्यक्रम हस्तान्तरणका लागि कृषि स्नातक प्राविधिकको कार्य सम्पादन, निजले पेश गर्नुपर्ने प्रगति प्रतिवेदन र सङ्घीय सशर्त कार्यक्रमहरुको कार्यान्वयन र उपलब्धिलाई आधार लिन सकिनेछ।

## परिच्छेद -५
## विविध

१४. **प्रचलित कानून बमोजिम हुनेः** यस कार्यविधि बमोजिमका क्रियाकलाप यसै कार्यविधि बमोजिम सञ्चालन हुनेछन्। यस कार्यविधिमा उल्लेख नभएको विषयका हकमा प्रचलित कानून बमोजिम हुनेछ।

१५. **कार्यविधिको व्याख्या तथा बाधा अडकाउ फुकाउनेः** यस कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै द्विविधा उत्पन्न भएमा वा कुनै बाधा अड्काउ आईपरेमा मन्त्रालयले आवश्यक निर्णय गरी स्पष्ट गर्न वा बाधा अडकाउ फुकाउन सक्नेछ।

## अनुसूची - १

(दफा ६ को उपदफा (१) सँग सम्बन्धित)

## <u>सेवा करारमा लिने कृषि स्नातकको कार्यविवरण</u>

१) स्थानीय तहको कृषि विकास सम्बन्धी गर्नु पर्ने विभिन्न क्रियाकलापहरुको सञ्चालनमा सहयोग गर्ने।

२) स्थानीय तहमा वित्तीय हस्तान्तरण भएका कार्यक्रमहरुको कार्यान्वनका लागि सहजीकरण गर्ने।

३) स्थानीय तहको वार्षिक कार्यक्रम तर्जुमामा सहजीकरण गर्ने तथा सञ्चालित कृषि कार्यक्रमहरुको त्रैमासिक र वार्षिक प्रगतिहरु अनुसूची - ७ बमोजिमको ढाँचामा विभागमा (doanepal.reporting@gmail.com) सम्प्रेषण गर्ने।

४) स्थानीय तहको कृषि तथ्याङ्क अध्यावधिक गरी विभाग तथा मन्त्रालयमा सूचना सम्प्रेषण गर्ने।संघीय मन्त्रालयबाट कार्यान्वयन भईरहेको बार्षिक कृषि सर्वेक्षणका लागि आवश्यक तथ्याङ्क संकलन तथा सम्प्रेषण गर्ने।

५) स्थानीय तहको किसान सूचिकरण सम्बन्धी कार्य गर्ने र सो को अध्यावधिक विवरण कृषि सूचना तथा प्रशिक्षण केन्द्रमा (info@aitc.gov.np) सम्प्रेषण गर्ने।

६) स्थानीय तहमा रहेका बजार पूर्वाधार, नर्सरी, एग्रोभेट, कृषि सहकारी, समूह तथा कृषि उद्यमहरुको विवरण संकलन गरी स्थानीय तह कृषि प्रोफाइल तयार गर्न सहजिकरण गर्ने।

७) स्थानीय आवश्यकता पहिचानका आधारमा कृषि प्रसार सेवा प्रवाह गर्ने।

८) आकस्मिक बाली संरक्षण सेवा प्रदान गर्ने र सूचिकृत रोग र सीमाविहीन रोग तथा किराहरुको अवस्था अनिवार्य रुपमा विभागमा रिपोर्टिङ्ग गर्ने।

९) कृषि बीमा र सहुलियत कृषि कर्जा कार्यक्रम कार्यान्वयनका लागि आवश्यक सहजिकरण गर्ने।

१०) सङ्घ तथा प्रदेशका कृषि सम्बन्धी सरकारी तथा गैर सरकारी सङ्घ संस्थाहरुसँग आवश्यकता अनुसार समन्वय गर्ने।

११) अनुसन्धान पछि आएका नविन प्रविधि अनुशरणका लागि स्थानीय तहका कृषक समुदायमा प्रचार प्रसार गर्ने। स्थानीय तहको योजना तर्जुमा कार्यमा कृषि शाखाका प्राविधिकहरुलाई सहयोग गर्ने।

१२) स्थानीय महत्वका बाली वस्तुहरुको उत्पादन तथा व्यावसायिक योजना तयार गर्ने।

१३) स्थानीय स्तरमा कृषि सम्बन्धी न्यूनतम पूर्वाधारहरुको सम्भाव्यता अध्ययन गर्ने।

१४) स्थानीय स्तरमा उत्पादन हुने प्रमुख बाली वस्तुहरुको उत्पादन लाभ लागत अध्ययन गरी विवरण अध्यावधिक गर्न सहजीकरण गर्ने।

१५) महामारीहरु एवं प्राकृतिक प्रकोपजन्य विपदबाट सृजित क्षतिको विवरण सङ्कलन गरी सम्बन्धित विभागमा रिपोर्टिङ्ग गर्ने।

१६) स्थानीय तहले तोके बमोजिमको अन्य कार्यहरु गर्ने।

## अनुसुची -२

(दफा ६ को उपदफा (१) सँग सम्बन्धित)

## सेवा करारमा लिने पशु चिकित्सकको कार्यविवरण

१) स्थानीय तहको पशु सेवा सम्बन्धी गर्नु पर्ने विभिन्न क्रियाकलापहरुको सञ्चालनमा सहयोग गर्ने।

२) स्थानीय तहमा वित्तीय हस्तान्तरण भएका कार्यक्रमहरुको कार्यान्वनका लागि सहजीकरण गर्ने।

३) पशुपन्छी रोग निदान र उपचार तथा सो कार्यको रेकर्ड अध्यावधिक गर्ने।

४) राष्ट्रिय पशु स्वास्थ्य सूचना प्रणाली वा पशु सेवा विभागको इपिडेमियोलोजी शाखा (dls.adicd@gmail.com/ vetepi@ntc.net.np) मा अनिवार्य रूपमा मासिक रोगहरुको रिपोर्टिङ गर्ने तथा सो को जानकारी जिल्लास्थित पशु सेवा हेर्ने कार्यालयलाई जानकारी गराउने। सूचीकृत रोग, सीमाविहीन रोग तथा विश्व पशु स्वास्थ्य सङ्गठनमा तात्कालीन सूचीकृत रोगहरू फैलिएको शङ्का लागेमा तुरून्तै नमूना सङ्कलन गरी निदानको लागि नजिकैको भेटेरिनरी अस्पताल वा प्रयोगशालामा पठाउने र सोको जानकारी वा रिपोर्टिङ यथाशीघ्र सम्बन्धित निकाय (पशु सेवा विभाग, भेटेरिनरी इपिडेमियोलोजी शाखा) मा गर्ने।

५) पशु कल्याण सुनिश्चितताको लागि आवश्यक कार्य गर्ने।

६) पशुपालन असल अभ्यास अवलम्बन बारे सचेतना तथा प्रमाणीकरण प्रक्रियामा सहजिकरण गर्ने।

७) सम्बन्धित स्थानीय तहको पशुपन्छी तर्फको वार्षिक कार्यक्रम तर्जुमामा सहजीकरण गर्ने र त्रैमासिक/ वार्षिक प्रगतिहरु अनुसूची - ७ बमोजिमको ढाँचामा विभागमा (dls.localprovincepragati@gmail.com) प्रेषण गर्ने।

८) स्थानीय तहमा रहेका पशुपन्छीको तथ्याङ्क अध्यावधिक गर्ने र सोको विवरण प्रदेश तथा पशु सेवा विभागमा पठाउने।

९) राष्ट्रिय पशुपन्छी रोग नियन्त्रण कार्यक्रम अन्तर्गत सङ्घबाट प्राप्त सम्पूर्ण खोपहरू सहित खोप कार्यक्रम नियमित रूपमा सञ्चालन गर्ने। विभागबाट प्राप्त भएका पशुपन्छीमा लगाइने खोपहरू नियमित रूपमा लगाउन भ्याक्सिनेटरको व्यवस्था गर्ने र नियमित खोप लगाएको सम्पूर्ण विवरण विभागमा (dls.adicd@gmail.com) जानकारी गराउने।

१०) कृत्रिम गर्भाधानको सेवा टेवा सम्बन्धी कार्य गर्ने तथा सो सम्बन्धी विवरण अध्यावधिक गरी प्रगति प्रेषण गर्ने (nlbc.pokhara@gmail.com)।

११) पशु पहिचान तथा पञ्जिकरण कार्यमा सहयोग तथा सहजीकरण गर्ने। स्थानीय तहमा रहेका पशुपन्छीपालक किसानका साथसाथै पशुपन्छी संख्या तथा दर्ता भएका पशुपन्छी फार्मको सङ्ख्या अध्यावधिक गर्ने र पशु सेवा विभागमा सूचना सम्प्रेषण गर्ने।

१२) राष्ट्रिय सूचीकृत रोगहरूको आउटब्रेक अन्वेषण, सर्भिलेन्स र नियन्त्रण गर्न सङ्घ तथा प्रदेशको निकायलाई सहयोग तथा सहजिकरण गर्ने।

१३) रोग परीक्षण र निदानको लागि आवश्यक नमूना सङ्कलन गरी प्रयोगशालामा परीक्षण गर्ने र थप परीक्षणको लागि नजिकको प्रयोगशालामा पठाउने।

१४) जनस्वास्थ्यसँग सम्बन्धित रोगहरू (नेपाल सरकारको राजपत्रमा प्रकाशित भएका प्राथमिकतामा रहेका जुनोटिक रोगहरू) को जनस्वास्थ्यसँग सम्बन्धित निकायहरूसँग समन्वय र सहकार्य गरी सर्भिलेन्स, अन्वेषण तथा नियन्त्रणमा सहयोग तथा सहजिकरण गर्ने।

१५) रोग फैलिएको समयमा रोग नियन्त्रण सम्बन्धी सूचनामूलक सामग्री तयार गरी प्रकाशन, प्रसारण तथा स्थानीयस्तरमा जानकारी गराउने।

१६) पशु तथा पशुजन्य पदार्थको आन्तरिक ओसारपसारका लागि पशु स्वास्थ्य प्रमाणपत्र जारी गर्ने।

१७) पशुपन्छीजन्य महामारी एवम् प्रकोप लगायतका विपद् व्यवस्थापनमा प्रदेश तथा सङ्घसँग समन्वय र सहकार्य गर्ने।

१८) स्थानीय तहमा रहेका घरपालुवा तथा सामुदायिक कुकुरको रेकर्ड राख्ने र यस्ता कुकुरलाई बन्ध्याकरण तथा रेबिज खोप लगाउने कार्य सञ्चालन गर्ने। कुकुरको टोकाईबाट मानिसमा हुने रेबिजलाई शून्यमा झार्ने अभियानलाई सफल बनाउन स्थानीय स्तरमा रेबिज नियन्त्रण कार्य सञ्चालन गर्ने।

१९) स्थानीय तहले तोके बमोजिमको अन्य कार्यहरु गर्ने।

सचिव

अनुसूची - ३

(दफा ६ को उपदफा (१) सँग सम्बन्धित)

## सेवा करार सम्बन्धी सूचना (नमूना)

(सूचना प्रकाशित मिति ..........)

.................... (स्थानीय तह) को लागि तपसिलको पदहरूमा देहायको संख्या र योग्यता भएको कर्मचारी सेवा करारमा नियुक्त गर्नुपर्ने भएकाले योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरूले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समयमा दरखास्त बापतको दस्तुर रकम रु. .......... तिरेको रसिद सहित दरखास्त दिन हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। आवेदन फाराम, कार्यविवरण, पारिश्रमिक, सेवाका शर्तहरू सहितको विस्तृत विवरण कार्यालयबाट वा वेबसाइट http://......../ बाट उपलब्ध हुनेछ।

**शैक्षिक योग्यता र अनुभवः**

| विज्ञापन नं. | सेवा करारमा लिने पद | न्यूनतम शैक्षिक योग्यता | कैफियत |
|---|---|---|---|
| ....... | पशु चिकित्सक | मान्यता प्राप्त विश्वविद्यालय वा शैक्षिक संस्थाबाट पशु चिकित्सा विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण गरेको र नेपाल पशु चिकित्सा परिषद्मा दर्ता भएको। | |
| ....... | कृषि स्नातक | मान्यता प्राप्त विश्वविद्यालय वा शैक्षिक संस्थाबाट कृषि विज्ञानमा कम्तीमा स्नातक तह उत्तीर्ण भएको। | |

आवेदन साथ उम्मेदवारले शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि, समकक्षता आवश्यक भएमा सो को प्रतिलिपि, परिषद् दर्ता प्रमाणपत्रको प्रतिलिपि (पशु चिकित्सकको हकमा), नेपाली नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न गर्नुपर्नेछ। पेश गरिने सबै प्रतिलिपिको पछाडि उम्मेदवार स्वयम्ले हस्ताक्षर गरी प्रमाणित गरेको हुनुपर्नेछ।

थप जानकारीका लागि सम्पर्कः ..........................

अनुसूची - ४

(दफा ६ को उपदफा (२) सँग सम्बन्धित)

## सेवा करारको लागि आवेदन फारमको नमूना

**१) वैयक्तिक विवरणः**

| नाम थर | | |
|---|---|---|
| (देवनागरीमा) ........... | लिङ्गः ............. | जन्म मितिः........... वि.सं ........... इ.सं |
| (अंग्रेजी ठूलो अक्षरमा) ............ | | हालको उमेरः ...... वर्ष ......महिना |
| नागकरिता नं. : ................ | जारी गर्ने जिल्लाः............ | जारी मितिः ............ |
| **स्थायी ठेगानाः** | | |
| जिल्लाः ....... | न.पा/गा.पा. ............. | वडा नं ........ |
| टोलः ......... | मार्गः ............ | मो.नं .............. |
| पत्राचार ठेगानाः ............... | | |
| बुवा/ आमाको नाम थरः .............. | बाजेको नाम थरः .............. | |

**२) शैक्षिक योग्यता** (दरखास्त फारम भरेको पदको लागि चाहिने आवश्यक न्यूनतम शैक्षिक योग्यता अनिवार्य)

| क्र.सं. | शैक्षिक योग्यता/उपाधि | विश्वविद्यालय/बोर्ड | मूल विषय | श्रेणी | ग्रेड/प्राप्ताङ्क प्रतिशत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

मैले यस दरखास्तमा खुलाएका सम्पूर्ण विवरणहरू सत्य छन्। दरखास्त बुझाएको पदको सूचनाको लागि अयोग्य ठहरिने गरी कुनै सजाय पाएको छैन । कुनै कुरा ढाँटे वा लुकाएको ठहरिएमा प्रचलित कानून बमोजिम सहनेछु/ बुझाउनेछु। उम्मेदवारले पालना गर्ने भनी प्रचलित कानून तथा यस दरखास्त फाराममा उल्लेखित सबै शर्त तथा नियमहरू पालना गर्न मन्जुर छु। साथै करारमा उल्लेखित शर्तहरू पूर्ण रूपमा पालना गर्नेछु।

**उम्मेदवारको ल्याप्चे सहीछापः**

**उम्मेदवारको दस्तखत**

| दायाँ | बायाँ |
|---|---|
| | |

मितिः

<u>कार्यालयले भर्ने</u>

**रसिद/भौचर नं.**

**रोल नं.**

**दरखास्त रुजु गर्नेको नाम र दस्तखतः**

**मितिः**

**दरखास्त स्वीकृत / अस्वीकृत गर्नेको दस्तखत**

**दरखास्त अस्वीकृत भए सोको कारणः**

**मितिः**

**द्रष्टव्यः** दरखास्त साथ सूचनामा उल्लेखित निम्नलिखित कागजातहरू अनिवार्य रूपमा उम्मेदवार आफैले प्रमाणित गरी पेश गर्नु पर्नेछ।

(१) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(२) समकक्षता आवश्यक पर्ने भए सोको प्रतिलिपि,

(३) शैक्षिक योग्यताको प्रमाणपत्र,

(४) विषयगत क्षेत्रका लागि आवश्यक पर्ने परिषद्मा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि

सचिव

## अनुसूची - ५

(दफा ८ को उपदफा (२) सँग सम्बन्धित)

### करार सम्झौता ढाँचा (नमूना)

### करार सम्झौता

सम्बन्धित स्थानीय तह (यसपछि पहिलो पक्ष भनिएको) र ....... जिल्ला, ....... नगरपालिका/गाउँपालिका, .......वडा नं बस्ने ....... को नाति/नातिनी ............ को छोरा/छोरी, (ना.प्र.नं..........) (यसपछि दोश्रो पक्ष भनिएको) का बीच ........ पद सेवा करारमा कामकाज गर्न गराउन मिति २०८.............. को निर्णय अनुसार देहायका कार्य/शर्तको अधिनमा रही दोश्रो पक्षले पहिलो पक्षलाई सेवा उपलब्ध गराउन मन्जुर भएकाले यो करारको सम्झौता गरी एक/एक प्रति आपसमा बुझी लियौं/दियौं।

१) **कामकाज सम्बन्धमाः** दोस्रो पक्षले आफूलाई तोकिएको कार्य विवरण अनुसारको कार्य पहिलो पक्षले तोकेको समय र स्थानमा उपस्थित भई गर्नु पर्नेछ।

२) **करारमा काम गरे बापत पाउने पारिश्रमिकः** प्रत्येक महिना व्यतित भएपछि पहिलो पक्षले दोश्रो पक्षलाई मासिक रुपमा रु............... (अक्षरेपी रु..............) पारिश्रमिक उपलब्ध गराउनेछ।

३) **आचरणको पालनाः** दोश्रो पक्षले ............. पालिकाको प्रचलित कानूनमा व्यवस्था भएका आचरण तथा अनुशासन सम्बन्धी व्यवस्थाहरू पालना गर्नु पर्नेछ।

४) **विदाः** दोस्रो पक्षलाई .......... पालिकाको नियमानुसार विदा उपलब्ध गराईने छ।

५) **कार्यालय सम्पत्तिको सुरक्षाः** दोस्रो पक्षले कार्यालयको चल अचल सम्पत्तिको नोक्सानी वा हिनामिना गरेमा सोको क्षतिपूर्ति वा हानी नोक्सानीको बिगो दोश्रो पक्षले पहिलो पक्षलाई दिनु पर्नेछ।

६) **गोप्यताः** दोस्रो पक्षले ......... पालिकाको कागजपत्र, जिन्सी सामान लगायत स्थानीय तहका इलोक्ट्रोनिक सामग्री तथा गोप्य सूचना कुनै अनाधिकृत व्यक्ति वा निकायलाई उपलब्ध गराएको प्रमाणित भएमा दोस्रो पक्षलाई करारबाट हटाई सोबाट भएको हानी नोक्सानीको क्षतिपूर्ति दोश्रो पक्षबाट भराईनेछ र प्रचलित कानून बमोजिम कारबाही गरिनेछ।

७) **करार अवधिः** यो करार २०८.../ .... / ..... देखि लागु भई २०८........ सम्मको लागि हुनेछ। दोस्रो पक्षको कार्य सम्पादन सन्तोषजनक नभएमा वा करार सम्झौतामा उल्लेखित शर्तहरुको पालना नगरेमा पहिलो पक्षले दोस्रो पक्षलाई स्पष्टिकरणको मौका दिई करार भङ्ग गर्न सक्नेछ। साथै करार अवधि समाप्ति हुनु अगावै दोस्रो पक्षले करार निरन्तरता दिन नचाहेमा ३० दिन अगावै प्रथम पक्षलाई सो को लिखित जानकारी गराउनु पर्नेछ।

८) **दावी नपुग्नेः** दोश्रो पक्षले यस करार बमोजिम काम गरेकै आधारमा पछि कुनै पनि पदमा अस्थायी वा स्थायी नियुक्ति हुनका लागि दाबी गर्न पाउने छैन/गर्ने छैन।

९) **प्रचलित कानून लागू हुनेः** यस सम्झौतामा उल्लेख नभएको कुरा प्रचलित नेपाल कानून बमोजिम हुनेछ।

**पहिलो पक्ष (स्थानीय तहको तर्फबाट)**

हस्ताक्षरः

नामः

पदः

कार्यालयको छापः

साक्षीः

**दोस्रो पक्ष (करार गर्ने व्यक्ति)**

हस्ताक्षरः

नामः

ठेगानाः

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

अनुसूची - ६

(दफा १२ को उपदफा (२) सँग सम्बन्धित)

**मासिक कार्यप्रगतिको ढाँचा**

आ.व. ................ महिना............

स्थानीय तहः ....................

जिल्लाः ....................

१. वार्षिक कार्ययोजना अनुसारको मासिक प्रगति र प्रतिफल

| क्र.सं. | क्रियाकलाप | एकाई | वार्षिक लक्ष्य | प्रगति | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | महिना | हालसम्मको | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

२. उल्लिखित क्रियाकलापबाट प्राप्त प्रतिफल

क्रियाकलाप १ को प्रतिफलः ................................

क्रियाकलाप २ को प्रतिफलः ................................

प्राविधिकको नामः..........

दस्तखतः.....................

सचिव

अनुसूची - ७

(दफा १३ को उपदफा (१) सँग सम्बन्धित)

**त्रैमासिक/ बार्षिक कार्यप्रगतिको ढाँचा**

आ.व. ................ अवधि ...........

स्थानीय तहः ....................

जिल्लाः ....................

१. त्रैमासिक/ बार्षिक प्रगति र प्रतिफल

| क.सं. | कार्यक्रम | क्रियाकलाप | एकाई | वार्षिक लक्ष्य | प्रगति | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | त्रैमासिक | हालसम्मको/ बार्षिक | |
| १. | संघीय सशर्त अनुदान तर्फ | | | | | | |
| १.१ | | • ...........<br>• ........... | | | | | |
| १.२ | | • ...........<br>• ........... | | | | | |
| २. | स्थानीय तह तर्फको कार्यक्रम | | | | | | |
| २.१ | | • ...........<br>• ........... | | | | | |
| २.२ | | • ...........<br>• ........... | | | | | |

२. उल्लिखित कार्यक्रम/ क्रियाकलापबाट प्राप्त प्रतिफल

कार्यक्रम १ को प्रतिफलः ................................

कार्यक्रम २ को प्रतिफलः ................................

प्राविधिकको नामः..........

दस्तखतः.....................